बागमती प्रदेश सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, काभ्रेपलाञ्चोक

धुलिखेल ,काभ्रेपलाञ्चोक

प.सं. २०७९/८० मितिः २०७९/०७/०३

च.नं.

## कृषि विकास कार्यक्रममा सहभागी हुनका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७९/०७/०३)

कृषि ज्ञान केन्द्र, काभ्रेपलान्चोकको आ.व. २०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपशिल अनुसारका प्रवर्द्धन कार्यक्रमहरु संचालन गर्न निर्धारित क्षेत्रहरुका ईच्छुक कृषक समूह/उत्पादनमुलक सहकारीहरुले यो सूचना प्रकाशित भएको मितिले ३० दिन (मिति २०७९/०८/०२) भित्र देहाय बमोजिमका कागजात सहितको निवेदन र कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ को अनुसूची-२ बमोजिमको प्रस्ताव-पत्र दर्ता गर्नुहुन यो सूचना आव्हान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपशिलः

| क्र.सं. | कार्यक्रमको नाम | कार्यक्रम संचालन गरिने निर्धारित क्षेत्र |
|---|---|---|
| १ | व्यवसायिक तरकारी खेती प्रवर्द्धन कार्यक्रम | काभ्रेपलान्चोक जिल्लाः<br>मण्डनदेउपुर न.पा. -८, ९, १०, ११, १२; पाँचखाल न.पा. - २, ३, ४, ५, ७; धुलिखेल न.पा. २, ९; बनेपा न.पा.-१, २, ३, ४, ५; पनौती न.पा.- २, ३, ८, १०, १२; नमोबुद्ध न.पा.-२, ८, ९, १०; बेथानचोक गा.पा. २, ३; रोशी- १, २<br>सिन्धुपाल्चोक जिल्लाः<br>मेलम्ची-१, २, ९, १०, १२; चौतारा साँगाचोकगढी न.पा- १०; लिसङ्खुपाकर गा. पा.-२, ४ |
| २ | आलुबाली प्रवर्द्धन कार्यक्रम | काभ्रेपलान्चोक जिल्लाः<br>मण्डनदेउपुर न.पा.-७, ८, ९; पाँचखाल न.पा.-२, ३, ४, ५, ७; बनेपा न.पा.- १, २, ३, ४; पनौती न.पा.- ४, ५, ९, १०; बेथान्चोक गा.पा.- १, २, ३, ४, ५<br>सिन्धुपाल्चोक जिल्लाः<br>इन्द्रावती गा. पा.- ५, ११, १२; बाह्रबिसे न.पा.- १, ९; चौतारा साँगाचोकगढी न.पा.-२, ४; लिसंखुपाखर गा.पा.- १, ३, ७; भोटेकोशी गा.पा.; पाँचपोखरी थाङ्गपाल गा.पा.- २, ३, ५; जुगल- २, ३ |
| ३ | किवी प्रवर्द्धन कार्यक्रम | काभ्रेपलान्चोक जिल्लाः<br>बेथानचोक गा.पा., भुम्लु गा.पा., चौरीदेउराली गा.पा.<br>सिन्धुपाल्चोक जिल्लाः |

इमेलः akckavre@gmail.com, वेबसाइटः www.kavre.akc.gov.np, सम्पर्क नंः ०११ -४९०२०१ ४९०५८९ ,

२०७९/०७/०३

तेज प्रसाद दवाडी

कार्यालय प्रमुख

अधिकृत स्तर दशौं

CamScanner

| | | |
|---|---|---|
| | | हेलम्बु गा.पा., मेलम्ची न.पा., पाँचपोखरी थाङ्गपाल गा.पा., भोटेकोशी गा.पा. |
| ४ | रैथाने बाली मूल्य शृखंला प्रवर्द्धन कार्यक्रम | <u>काभ्रेपलान्चोक जिल्लाः</u><br>बेथानचोक गा.पा., पनौती न.पा., चौरीदेउराली गा.पा., भुम्लु गा.पा., तेमाल गा.पा.<br><u>सिन्धुपाल्चोक जिल्लाः</u><br>मेलम्ची न.पा., पाँचपोखरी थाङ्गपाल गा.पा., सुनकोशी गा.पा. |

<u>आवश्यक कागजातहरुः</u>

१. रु. १० को हलाक टिकट टाँस गरेको निवेदन,

२. अनुसूची-२ बमोजिमको प्रस्ताव-पत्र,

३. समूह/सहकारीको संस्था दर्ता तथा नविकरण प्रमाणपत्र र निवेदकको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि,

४. समूह/सहकारीको कार्यक्रममा सहभागि हुने सम्बन्धी बैठकको निर्णयको प्रतिलिपि,

५. सम्बन्धित स्थानीय तह/कृषि शाखाको सिफारिस,

६. प्रवर्द्धन कार्यक्रममा सहभागि हुने कृषकहरुको नाम र खेती गर्ने क्षेत्रफल खुलेको विवरण,

७. व्यवसायिक खेती गर्ने जमिन भाडामा लिएको भएमा तरकारी र आलु बालीको हकमा कम्तिमा ५ वर्ष र फलफुल बालीको हकमा कम्तिमा १५ वर्षको जग्गा भाडा/करारमा लिएको सम्झौतापत्रको प्रमाणित प्रतिलिपि

<u>आधारभूत मापदण्डः</u>

- आवेदकले <u>तरकारी, आलु र किवीको हकमा न्यूनतम ३ हेक्टर (६० रोपनी)</u> र <u>रैथाने बालीको हकमा न्यूनतम २ हेक्टर (४० रोपनी)</u> क्षेत्रफलको पकेट बनाई व्यवसायिक खेती गर्नुपर्दछ ।
- प्रवर्द्धन कार्यक्रममा संचालन गर्न सकिने कृयाकलापहरुः उत्पादन सामाग्री (उन्नत बीउ/वेर्ना, मलखाद, बाली संरक्षण विषादी, कृषि चून, आदि) तथा प्रविधि सहयोग, नर्सरी/ श्रोत केन्द्र स्थापना, बाँस/फलाम/जि. आइको प्लाष्टिक घर निर्माण, ग्रीन हाउस/सेमी हाइटेक संरचना निर्माण, बगैंचा व्यवस्थापन, साना/थोपा सिंचाई, यान्त्रिकरण, संकलन/भण्डारण एवं प्रशोधन सम्बन्धी क्रियाकलाप, उत्पादनोपरान्त प्रविधि, बजारिकरण, माटो परीक्षण, खेती प्रविधि सम्बन्धि कृषक तालिम तथा प्रदर्शन, बाली बीमा, आधारभूत सर्वेक्षण/बाली कटानी तथा प्रवर्द्धन कार्यक्रममा सहयोगी हुने किसिमका अन्य उपयुक्त कृयाकलापहरु ।

<u>पुनश्चः</u> कार्यक्रम सम्बन्धी थप जानकारीको लागि यस केन्द्रको फोन नं. ०११-४९०५८९ मा सम्पर्क गर्न सकिन्छ । साथै <u>कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९</u> यस केन्द्रको वेभसाइट www.kavre.akc.gov.np बाट डाउनलोड गरी हेर्न सकिन्छ ।

तेज प्रसाद दवाडी
कार्यालय प्रमुख
अधिकृत स्तर दशौं



CamScanner